०१०-५२०५५९, ५२०५६८

नीलकण्ठ नगरपालिका कार्यालय
धादिङवेसी, धादिङ ।

# सरसफाई शुल्क असुली तथा घर पसल कार्यालयबाट फोहोर संकलन गरि विसर्जन कार्यको बोलपत्र सम्बन्धि बढाबढको सूचना

## प्रथम पटक प्रकाशित मिति २०७३/०७/२४

नीलकण्ठ नगरपालिका कार्यालय धादिङबेशी, धादिङले आ.ब. २०७३/०७४ को असार मसान्तसम्म वांकी अवधिमा सरसफाई शुल्क असुली तथा घर पसल कार्यालयबाट फोहोर संकलन गरि विसर्जन कार्य बोलपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले सो कार्य संग सम्वन्धीत ईच्छुक बोलपत्रदाताहरुवाट निम्न शर्तको अधिनमा रही रितपुर्वक गोप्य शिलवन्दी बोलपत्र आव्हान गरिएको छ ।

१. उक्त कार्यसंग सम्वन्धीत इच्छुक बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० दिनभित्र आ.व. २०७३/७४ सम्मको लागि नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्वर, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र आ.व.२०७२/७३ सम्मको आयकर चुक्ताको प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु संलग्न राखी कार्यालय समयभित्र रु १०००।- बोलपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाएको नगदी रसिद सहित रित पुर्वक लिखित निवेदन दिई यस कार्यालयको आर्थिक प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ ।

२. खरिद भएका बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र शिलवन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयको प्रशासन शाखामा दर्ता गरि सक्नु पर्नेछ । दर्ता हुन आएका शिलवन्दी बोलपत्रहरु सोही दिनको २.०० वजे उपस्थित बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि र कार्यालयका प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न वाधा पर्ने छैन ।

३. बोलपत्र खरिद गर्ने वा दर्ता गराउने अन्तिम दिन सार्वजनिक बिदा परेमा लगतै कार्यालय खुलेको दिन सोही समय अनुसार हुनेछ ।

४. सुचनामा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य वैंकको धादिङवेंशी शाखामा रहेको धरौटी खाता नं. ३०६०३०३००३०५६ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा १२० दिन म्याद भएको मान्यता प्राप्त वैंकबाट प्राप्त वैक ग्यारेन्टी (विड वण्ड) सक्कल प्रति पेश गर्नु पर्नेछ ।

५. बोलपत्रदाता उक्त कार्यमा भाग लिन अयोग्य नभएको तथा प्रस्तावित सरसफाई शुल्क असुली तथा घर पसल कार्यालयबाट फोहोर संकलन गरि विसर्जन कार्यमा आफ्नो कुनै स्वार्थ नबाझिएको भनी स्वघोषणपत्र समेत बोलपत्र फारमसाथ संलग्न राखी पेश गर्नु पर्नेछ ।

६. बोलपत्र फाराम भर्दा दररेट स्पप्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ, उल्लेखित अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भए पछि मु.अ.कर सहित कबोल ठेक्का अंकको एकमुष्ठ हुन आउने रकम रा.बा.बैक धादिङ स्थित यस कार्यालयको धरौटी खाता नं ३०६०३०३००३०५६ मा जम्मा गरेको सक्कल बैक भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिले कम्तिमा एक वर्ष म्याद भएको मान्यता प्राप्त बाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी गरिएको जमानतपत्र (परफरमेन्स वण्ड) सम्झौता गर्नु अघि सक्कल प्रति पेश गर्नु पर्नेछ ।

८. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखी पेश गरेको बोलपत्र उपर कुनै कारबाही हुनेछैन ।

९. बजेटको कारण वा कार्यालयको हितलाई ध्यानमा राखी कुनैपनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने, वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयलाई हुनेछ ।

१०. बोलपत्र सम्वन्धी सुचनामा आवश्यक कुनै संसोधन भएमा यस कार्यालयको सूचनापाटी वा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचित गरिनेछ । बोलपत्र सम्वन्धी थप कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको आर्थिक प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।

११. प्रचलित ऐन नियम अनुसार लाग्ने संपुर्ण करहरु बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

१२. संयुक्त उपकम (Joint Venture) मा काम गर्ने व्यवसायीको सम्वन्धमा सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम हुनेछ ।

१३. एउटा फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामवाट दाखिला गर्न पाइनेछैन ।

१४. यस सुचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा स्थानीय निकाय (आ.प्र.) नियमावली २०६४(शंसोधन सहित), सार्वजनिक खरिद ऐन २०६३, र सार्वजनिक खरिद नियमावली २०६४ (तेस्रो संसोधन २०६८) तथा अन्य प्रचलित ऐन नियम वमोजिम हुनेछ ।

**कामको विवरण**

| सि.न. | ठेक्का नं. | कामको विवरण | न्युनतम कबोल अंक | धरौटी रकम रु. | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | ०२/०७३/७४ | सरसफाई शुल्क असुली तथा घर पसल कार्यालयबाट फोहोर संकलन गरि विसर्जन गर्ने कार्यको बोलपत्र सम्बन्धि बढाबढको सुचना | २०,०३,२००/– | १,००,१६०/– | १०००।० |

(देवराज चौलागाई)
कार्यकारी अधिकृत